मर्कन्टाईल एक्सचेन्ज नेपाल लिमिटेड

जहाँ गर्छ राष्ट्रले कारोबार

आइ.एस.ओ. ९००१:२०१५ बाट मान्यता प्राप्त एक्सचेन्ज

# सब-ब्रोकर / ए.इ

## अ. सब-ब्रोकर हुनका लागि चाहिने योग्यताहरु

क) सब-ब्रोकर हुन सक्ने

- २१ वर्ष वा सो भन्दा माथिको उमेर पुगेको व्यक्ति
- संस्था

ख) सब-ब्रोकरलाई वस्तु बजारमा कारोबार गरेको अनुभव हुनुपर्छ।

ग) यदि व्यक्ति हो भने, राम्रो नैतिक चरित्र, प्रतिष्ठा र निष्ठावान् हुनुपर्छ।

घ) सब-ब्रोकर आफै एक ग्राहकका रुपमा दर्ता हुन अनुमति दिईएको छ।

ङ) तल मध्ये कुनै एक मापदण्ड पूरा गरेको र सो को प्रमाण प्रदान गरेको -

- स्नातक (Bachelors) डिग्रीको प्रमाणपत्र/ट्रान्सक्रिप्ट
- कारोबार गरेको अनुभवको प्रमाण
- MCDB को प्रमाणपत्र
- ए.ई को परीक्षा पास गरेको

च) ग्राहकले आफ्नो सब-ब्रोकरलाई पावर अफ अटोर्नि वा अख्तियारनामा दिई कारोबार गर्ने अधिकार दिइएको खण्डमा मात्र सब-ब्रोकरले आफ्नो कारोबार स्थलबाट ग्राहकका तर्फबाट कारोबार गर्न सक्छ।

छ) सब-ब्रोकरको नेपालमा कुनै पनि अदालतमा कुनै पनि वित्तीय अपराध वा धोखाधडीमा मुद्दा मामला दायर भएको हुन हुँदैन।

## आ. दर्ता हुने प्रक्रिया

यदि माथिका योग्यताहरु पूरा भएको छ भने, निवेदक सब-ब्रोकरका रुपमा दर्ता हुन योग्य छ र निवेदकले दर्ता हुनका लागि तल उल्लेख प्रक्रिया पालना गर्नुपर्नेछ :

- निवेदकले सब-ब्रोकर दर्ता फारम भर्नुपर्छ र अन्य आवश्यक कागजातसँग आफ्नो ब्रोकरलाई बुझाउनु पर्नेछ। [सब-ब्रोकरले पेश गर्नुपर्ने/भर्नुपर्ने कागजातहरुको सूची हेर्नुहोला]
- प्राप्त भएको कागजातको सबै विवरण ठिक छ /छैन भन्ने प्रमाणित गरिन्छ र यदि कुनै विवरण छुटेको वा गलत भरिएको छ भने निवेदकले गल्ती सच्चाई बुझाउने छ।
- फारमको विवरण ब्रोकरले कायम गरेको रजिस्टरमा भर्नुपर्छ।
- ब्रोकरले प्राप्त गरेको फारम र कागजात क्लियरिङ्ग हाउसकहाँ पठाउनुपर्छ। ब्रोकरले दर्ता फारम स्वीकृत गरेपछि मात्र क्लियरिङ्ग हाउसलाई कागजातहरु बुझाउनुपर्छ।
- क्लियरिङ्ग हाउसले फारम पाउने बित्तिकै, त्यसको प्राप्त भएको सूचना ब्रोकरलाई पठाउनुपर्छ। यस्तो कागजातहरु क्लियरिङ्ग हाउसको अनुपालन विभागका कर्मचारीले मात्र लिनुपर्दछ र सो प्राप्त गरेको मिति र समय रजिस्टरमा भर्नुपर्छ।
- यदि फारम वा अन्य कागजातहरु मा कुनै कमी छ वा उल्लेख गर्नुपर्ने कुनै विवरण छुटेको छ भने त्यसको जानकारी क्लियरिङ्ग हाउसले ब्रोकरलाई गर्नुपर्दछ र सो ठिक/पूरा गराउनुपर्छ।
- प्रमाणिकरण पछि सबै आवश्यकताहरु पूरा भएको छ भने, क्लियरिङ्ग हाउसले सब-ब्रोकरको फारम अनुमोदित गर्छ र सब-ब्रोकर कोड जारी गरिने छ।

<u>द्रष्टव्य :</u>

- ✓ उपत्यका बाहिर बसोबास गरेको सब-ब्रोकरको सक्कली फारम क्लियरिङ्ग हाउसकहाँ प्रस्तुत गर्नका लागि ब्रोकरलाई दुई हप्ताको समय दिइन्छ (सब ब्रोकर दर्ता भएको मिति देखि)।
- ✓ यस्ता फारमहरु क्लियरिङ्ग हाउसको अनुपालन विभागले सुरक्षित हिरासतमा राख्नेछ।

✓ प्रस्तुत गरेका फारम र अन्य कागजातहरु गोप्य कागजातहरु हुन् र नेपाल सरकार र कानूनको लिखित निर्देशन नआएसम्म क्लियरिङ्ग हाउस र ब्रोकरले सो को खुलासा/जानकारी कसैलाई पनि कहिले पनि दिने छैन ।

नोटः

- क्लियरिङ्ग सदस्य अन्तर्गत दर्ता भएका ब्रोकरहरुले पनि आफ्नो क्लियरिङ्ग सदस्य मार्फत क्लियरिङ्ग हाउससँग सम्पर्क गरी माथि उल्लेखित नियम तथा प्रक्रियाको पालना गर्नु पर्नेछ ।
- क्लियरिङ्ग सदस्यले दर्ता गराएका सब-ब्रोकरहरुले पनि आफ्नो क्लियरिङ्ग सदस्यसँग सम्पर्क गरी माथि उल्लेखित नियम तथा प्रक्रियाको पालना गर्नु पर्नेछ ।